आ.व. २०८२/८३
बैठक संख्या :१४

आज मिति २०८३ साल असार ०५ गते शुक्रबार सहिदभूमि गाउँपालिकाका अध्यक्ष श्री मनोज राईज्यूको अध्यक्षतामा सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिती

| क्र सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री मनोज राई | अध्यक्ष | |
| २. | श्री रत्नश्वरी राई | उपाध्यक्ष | |
| ३. | श्री रमेश कुमार राई | वडाध्यक्ष, वडा नं. १ | |
| ४. | श्री खगेन्द्र राई | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | श्री होमनाथ राई | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | श्री भिम बहादुर राई | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | श्री हेम कुमार राई | वडाध्यक्ष, वडा नं. ६ | |
| ८. | श्री दिवानी राई | कार्यपालिका सदस्य | |
| ९. | श्री विनिता राई | कार्यपालिका सदस्य | |
| १०. | श्री मधु भण्डारी | कार्यपालिका सदस्य | |
| ११. | श्री बालिका विश्वकर्मा | कार्यपालिका सदस्य | बालिका |
| १२. | श्री प्रकाश राई | कार्यपालिका सदस्य | |
| १३ | श्री सूर्यबहादुर भण्डारी | सचिव | |
| १४. | श्री देउ कुमारी विश्वकर्मा | का.बा.वडाध्यक्ष, वडा नं. ५ | देउकुमारी |
| १५. | श्री लिलाराम राई | का.बा.वडाध्यक्ष, वडा नं. ७ | |
| | अन्य उपस्थिती | | |
| १. | श्री होम बहादुर थापा | प्रशासन योजना तथा अनुगमन शाखा | |
| २. | नितेश कुमार यादव | आर्थिक प्रशासन तथा राजस्व शाखा | |
| ३. | अरविन्द के.सी. | योजना तथा अनुगमन इकाई | |

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष

कार्यपालिका बैठक सङ्ख्याः१४
मितिः २०८३/०३/०५

**प्रस्ताव नं. १ सहिदभूमि गाउँपालिकाको अर्थ सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३ को मस्यौदा स्विकृत गरी गाउँसभामा पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. १ सहिदभूमि गाउँपालिकाको अर्थ सम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८३ को मस्यौदा स्विकृत गरी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. २ सहिदभूमि गाउँपालिकाको विनियोजन विधेयक, २०८३ को मस्यौदा स्वीकृत गरी गाउँसभामा पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. २ सहिदभूमि गाउँपालिकाको विनियोजन विधेयक, २०८३ को मस्यौदा स्वीकृत गरी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ३ आर्थिक वर्ष २०८३/०८४ को बजेट बक्तव्य गाउँ सभामा पेश गर्ने सम्बन्धमा ।**

निर्णय नं. ३ आर्थिक वर्ष २०८३/०८४ को बजेट बक्तव्य गाउँ सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ४ गाउँघर क्लिनिक सञ्चालन गरेबापत यातायात खर्च सम्बन्धमा ।

निर्णय नं. ४ सहिदभूमि गाउँपालिकाको सबै वडामा सञ्चालन भइरहेको गाउँघर क्लिनिक सञ्चालन गरेबापत आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत भएको गाउँघर क्लिनिक तथा नियमित खोप सञ्चालन बापतको यातायात खर्च शिर्षकबाट प्रति क्लिनिक मासिक रु ४००।०० का दरले यातायात खर्च भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष

कार्यपालिका बैठक सङ्ख्या:१४
मिति: २०८३/०३/०५

**प्रस्ताव नं. ५ आइरन चक्की र जुकाको औषधी खुवाए बापतको प्रोत्साहन रकम भुक्तानी सम्बन्धमा**

**निर्णय नं. ५** सहिदभूमि गाउँपालिका अन्तर्गत रहेका माध्यमिक विद्यालय र आधारभूत विद्यालयमा रहेका किशोर/किशोरीहरुलाई आइरन चक्की र जुकाको औषधी खुवाए बापत प्रति फोकल पर्सन हप्ताको रु १००।०० का दरले २६ हप्ताको रु २६००।०० प्रोत्सानहन रकम आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत भएको **विद्यालय पोषण अन्तर्गत किशोर/किशोरीहरुका लागि आइरन र जुकाको औषधी २६ हप्ता खुवाए बापतको प्रोत्साहन रकम** शिर्षकबाट भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ श्री ए. एस. कन्स्ट्रक्सन, विराटनगर- १३, मोरङ्ग लाई १५ दिने स्पष्टिकरण सोध्ने सम्बन्धमा ।**

**निर्णय नं. ६** सहिदभूमि गाउँपालिका र श्री ए. एस. कन्स्ट्रक्सन, विराटनगर- १३, मोरङ्गबीच सम्झौता भएको तपसिलमा उल्लिखित आयोजनाको ठेक्का सम्झौताको निर्धारित समय अवधिमा कार्य सम्पन्न नगरेको, कार्यालयबाट पटक पटकको लिखित र मौखिक ताकेता गर्दा पनि कार्यालयसँग सम्पर्कमा नआएको साथै लामो समय देखि आयोजना अलपत्र अवस्थामा छाडी प्रचलित कानुन् तथा खरिद सम्झौताको गम्भीर उल्लङ्घन गरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ५९ को उपदफा २ (क), उपदफा ७ र ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ वमोजिम कारवाही गर्नु नपर्ने कुनै उचित कारण र आधार भए निर्माण ब्यवसायी स्वयम् उपस्थित भइ १५ (पन्ध्र) दिनभित्र लिखित स्पष्टीकरण पेश गर्नको लागि सूचना प्रकाशित गर्ने सर्वसम्मत निर्णय गरियो ।